नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, डडेल्धुरा
करदाता सेवा कार्यालय दिपायल सिलगढी, डोटी

फोन नं. :- 094-590030
ईमेल: - tso-dipayal@ird.gov.np

## अवैध मदिरा नियन्त्रण सम्बन्धी करदाता सेवा कार्यालयको सूचना

- कुनै पनि व्यक्तिले आन्तरिक राजस्व विभागको ईजाजत तथा अनुमति विना अन्तःशुल्क लाग्ने वस्तु जस्तै मदिरा, सुर्ति चुरोट, बिंडी गुट्खा) को उत्पादन, ओसार पसार, भण्डारण तथा बिक्रि गर्न पाइदैन।(अन्तःशुल्क ऐन,२०५८ दफा ८)
- मदिरा,सुर्ति,चुरोट, बिडी, गुट्खा जस्ता पदार्थ अन्तःशुल्क लाग्ने पदार्थ भएकाले यस्ता बस्तुको कारोवार गर्न अनिवार्य रुपमा अन्तशुल्क ईजाजत लिनु पर्दछ। (अन्तःशुल्क ऐन,२०५८ दफा ८)
- अन्तःशुल्क ईजाजत एक आर्थिक बर्षको समाप्त भईसके पश्चात साउन मसान्त भित्र नविकरण गराई सक्नु पर्ने छ । अन्यथा ऐन बमोजिम जरिवाना शुल्क लाग्ने छ । (अन्तःशुल्क ऐन,२०५८ दफा ९ (५)
- होटेल, रेष्टुरेन्ट तथा पार्टी प्यालेस व्यवससायी वाहेक मदिराको कारोबार गर्ने व्यवसायीले मदिरा र सुर्तिजन्य पदार्थको मात्र कारोवार गर्न पाउनेछ।सुर्ति जन्य पदार्थको कारोबार गर्ने इजाजतवालाले अलग्गै स्थानबाट त्यस्तो पदार्थको कारोवार गर्नु पर्ने छ । (अन्तःशुल्क ऐन,२०५८ दफा ४घ)
- १८ बर्षको उमेर पुरा नगरेको व्यक्तिले मदिराको बिक्रि वितरण गर्ने पाइदैन तथा १८ वर्ष उमेर पुरा नगरेको व्यक्ति र गर्भवति महिलालाई मदिरा बिक्रि वितरण गर्न पाईदैन ।( मदिरा ऐन २०३१ दफा ४क)
- कुनै व्यक्तिले आफ्नो कुल परम्परा एवं संस्कृतिका लागि निजी उपयोग गर्न १ पटकमा ५ लिटर सम्म रक्सि र १० लिटर सम्म जाँड बनाउन पाउने छ ।यसरी १ वर्षमा ५ पटक मात्र बनाउन पाउने छ र यसको जानकारी अन्तशुल्क अधिकृतलाई गराउनु पर्नेछ ।( मदिरा नियमहरू,२०३३ नियम ७ , अन्तःशुल्क निर्देशिका २०६८(४.१०)
- इजाजतवालाले बिहान १०बजे देखि राति १० बजेसम्म मात्र मदिरा बिक्रि वितरण गर्नु पर्नेछ ।